# शिवपुरीको क्लासिक भ्यू रिसोर्टको व्यवस्थापन सोल्टी होटल्स एण्ड रिसोर्टले गर्ने

काठमाडौं(जस)-शिवपुरी राष्ट्रिय निकुञ्जमा अवस्थित 'क्लासिक भ्यू रिसोर्ट' अब 'द सोल्टी रिसोर्ट' नामबाट सञ्चालन हुने छ। सोल्टी होटल्स एण्ड रिसोर्टसले आफ्नो आतिथ्य सेवा सञ्जाल विस्तार गर्नेक्रममा निकुञ्जमा अवस्थित 'क्लासिक भ्यू रिसोर्ट' लिमिटेडका स्वामित्वमा रहेको पाँचतारेस्तरको 'लक्जरी रिसोर्ट'को व्यवस्थापनको जिम्मेवारी लिएसँगै ' क्लासिक भ्यू रिसोर्ट' अब 'द सोल्टी रिसोर्ट' नामबाट सञ्चालन हुन लागेको हो। होटेल व्यवस्थापनसम्बन्धी सम्झौतामा सोल्टी होटेल्स एण्ड रिसोर्टसको तर्फबाट सोल्टी होटल लिमिटेडका उपाध्यक्ष सुदर्शन चापागाइँ र क्लासिक भ्यू रिसोर्ट लिमिटेडको तर्फबाट कम्पनीका अध्यक्ष मुकुन्दराज कुँवरले हस्ताक्षर गरेका हुन्।

सोल्टी होटल लिमिटेडका उपाध्यक्ष चापागाइँका अनुसार सोल्टी होटल्स एण्ड रिसोर्ट्सले काठमाडौं उपत्यकामा मात्र तीनवटा होटल सञ्चालन गर्न सफल बनेको छ। उनले भने, 'नेपालको एकमात्र स्वदेशी अन्तरराष्ट्रिय पाँचतारे 'चेन डिलक्स होटल' सोल्टी होटल्स एण्ड रिसोर्ट्सले पछिल्लो समय नयाँ नयाँ पर्यटकीय गन्तव्यहरूमा आफ्नो सेवा विस्तार गर्दै नेपाली आतिथ्यता र विश्वस्तरीय सेवाको संयोजन प्रस्तुत गर्दै लगेको छ। 'द सोल्टी रिसोर्ट' शिवपुरीको सञ्चालनसँगै सोल्टी होटल्स एण्ड रिसोर्ट्सले लक्जरी, प्रकृति र स्वास्थ्यलाई समेट्ने अर्को महत्वपूर्ण आतिथ्य गन्तव्य थपेको छ। हामीले नेपालका प्रमुख पर्यटकीय गन्तव्यहरूमा आफ्नो 'ब्रान्ड' र सेवा विस्तार गर्दै विश्वस्तरीय आतिथ्य सेवा प्रदान गर्ने तथा नेपालको सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाको प्रवर्द्धन गर्ने लक्ष्य लिएका छौं।'



अद्वितीय हरियाली वातावरणले भरिपूर्ण जङ्गल क्षेत्रबीच अवस्थित 'द सोल्टी रिसोर्ट' शिवपुरीबाट काठमाडौं उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ। यसले अतिथि पाहुनालाई उत्कृष्ट लक्जरी तथा प्राकृतिक सौन्दर्यतामा शान्त र आत्मीय विश्रामको दुर्लभ संयोजन प्रदान गर्ने ध्येय राखेको छ। सोल्टी होटल लिमिटेडद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'सोल्टी होटल्स एण्ड रिसोर्टसले काठमाडौं उपत्यका परिधि शिवपुरी राष्ट्रिय निकुञ्ज काठमाडौंमा अवस्थित 'क्लासिक भ्यू रिसोर्ट' लिमिटेडको स्वामित्वमा रहेको पाँचतारेस्तरको लक्जरी रिसोर्ट व्यवस्थापन सम्झौता तथा सहकार्यमा पर्वतीय पर्यटक विश्रामस्थलको विलासमय सुविधा समाहित 'लक्जरी ब्राण्ड' 'द सोल्टी रिसोर्ट शिवपुरी राष्ट्रिय निकुञ्ज काठमाडौं' व्यवस्थापन तथा सञ्चालन गर्ने घोषणा गर्न पाउँदा गर्व गर्दछ। 'द सोल्टी रिसोर्ट' काठमाडौंको शिवपुरी राष्ट्रिय निकुञ्ज सन्निकट काठमाडौंको शान्त र सौम्य वातावरणमा वन्य जीवन तथा आकर्षक सुन्दर प्राकृतिक सौन्दर्यतासहित मनमोहक काठमाडौं उपत्यकाको अभूतपूर्व स्वर्णिम दृश्यावलोकन तथा रमणीय वन जङ्गल परिवेशमा अवस्थित रहेको छ।'

निर्मल र स्वच्छ प्राकृतिक दृश्य, हरियाली, हराभरा चारैतर्फ क्षितिजमा पहाडी शृङ्खलाहरूले घेरिएको स्वर्णिम स्थानमा पर्यटक अतिथि पाहुनाहरूले दिनभर शान्त प्राकृतिको परिवेशमा आनन्द लिन सक्छन् भने साँझ पर्नासाथ काठमाडौं उपत्यकाको झिलिमिली बिजुली बत्तीले सजिएको मनमोहक स्वर्गीय आनन्ददायी दृश्यले शान्त, विशिष्ट र समयातित आकर्षणको अनुभूति गराउने कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। साथै 'द सोल्टी रिसोर्ट' शिवपुरीले नयाँ गन्तव्यले विश्वस्तरीय आतिथ्य सेवा प्रदान गर्दै नेपालको सांस्कृतिक तथा प्राकृतिक सम्पदाहरुलाई उजागर गर्ने गन्तव्यका रुपमा विकास गर्ने लक्ष्य राखेको छ।

यस्ता छन् थप विशेषता

प्राकृतिक सौन्दर्य र शान्त वातावरणबीच अवस्थित 'द सोल्टी रिसोर्ट'ले स्वदेशी तथा अन्तरराष्ट्रिय पर्यटकका लागि विशिष्ट विश्राम अनुभव प्रदान गर्दछ। हाल रिसोर्टमा २५ सुसज्जित कोठा र एक निजी भिल्ला रहेका छन् भने थप ५१ लक्जरी कोठा निर्माणाधीन छन्। प्रत्येक कोठामा नेपाली कला, संस्कृति र पहिचान झल्किने 'डिजाइन' समावेश गरिएको छ। विज्ञप्तिमा भनिएको छ, ' शान्त वातावरणमा 'द सोल्टी रिसोर्ट' ले विविध स्वादमा उत्कृष्ट भोजन अनुभव प्रदान गर्दछ। अतिथिहरूले 'गुराँस अल डे डाइनिङ रेस्टुरेन्ट' मा विभिन्न परिकारहरूको स्वाद लिन, 'ऐराक बार' मा आरामदायी समय बिताउन तथा जङ्गल फायर बिबीक्यु टेरेसमा 'ग्रिल्ड' परिकार, बोनफायर र मनमोहक वन दृश्यको आनन्द लिन सक्नेछन्। यस रिसोर्टको प्रमुख विशेषता यसको अनुपम प्राकृतिक वातावरण हो, जहाँ स्वच्छ पहाडी हावा र प्राकृतिक मुहानको पानीको पहुँच उपलब्ध छ। यसले सहर नजिकै भए पनि दुर्लभ रूपमा पाइने पुनःस्थापनात्मक अनुभव प्रदान गर्दछ। साथै, वरपरको क्षेत्रमा वन्यजन्तु चराचुरुङ्गी र पशुपन्छीहरुको अवलोकनको अवसर पनि प्रदान गर्दछ।'

'द सोल्टी रिसोर्ट' शिवपुरीमा आधुनिक बैंक्वेट हल, दुई खुला लन र आकर्षक एम्फिथिएटर रहेका छन्। यी स्थलहरू विवाह, कर्पोरेट कार्यक्रम, सामाजिक उत्सव तथा 'रिट्रिटहरू' आयोजना गर्न उपयुक्त छन्, जहाँ प्राकृतिक सौन्दर्य र शीतल पहाडी वातावरणले अनुभवलाई अझ विशेष बनाउने कम्पनीले विश्वास लिएको छ। 'द सोल्टी रिसोर्ट' ले स्वास्थ्य, तन्दुरुस्ती र प्राकृतिक अनुभवमा केन्द्रित आतिथ्य सेवा प्रदान गर्दछ। रिसोर्टमा स्विमिङ पुल, स्पा, स्टिम, साउना र फिटनेस सेन्टरका साथै हाइकिङ, चराचुरुङ्गी तथा वन्यजन्तु अवलोकनजस्ता गतिविधिहरूको सुविधा उपलब्ध रहेको कम्पनीले जनाएको छ।

# मोबाइल फोन नष्टको सिराहा घटनाले डाटाको सुरक्षाको जोखिम बढायो : मोबाइल व्यवसायी महासंघ

काठमाडौं(जस)-नेपाल मोबाइल व्यवसायी महासंघले सिराहामा परीक्षाका क्रममा विद्यार्थीबाट खोसिएका मोबाइल फोनका डाटा रहेका चिप्सहरु नेपालमा नष्ट गर्न कुनै विधि नभएकाले त्यसको सुरक्षाको जोखिम बढेको बताएको छ। महासंघले सोमबार एक प्रेस विज्ञप्ति जारी गर्दै परीक्षाको मर्यादा कायम नभएको निहुँमा अन्य विकल्पमा नगएर मोबाइल जफत गरी नष्ट गर्ने कार्य गर्नुलाई जायज मान्न नसकिने बताउँदै सो घटनाको सत्यतथ्य छानबिन गरि विद्यार्थीहरुलाई न्याय दिन माग गरेको छ।



यस्तै पानीमा डुबाउँदैमा ती मोबाइलका चिप्स नष्ट नहुने र त्यसका लागि नेपालमा कुनै विधि नभएको हुँदा डाटा चोरी हुनसक्ने जोखिम रहेको पनि महासंघले विज्ञप्तिमार्फत स्पष्ट पारेको छ। 'मोबाइल फोनको सन्दर्भमा हाम्रो आफ्नो उत्पादन क्षमता नभएको र अन्तर्राष्ट्रिय बजारबाट आयातमा नै निर्भर रहनुपर्ने अवस्थामा यो घटनाले नेपालीलाई थप आर्थिक भार थोपर्ने हाम्रो बुझाइ छ। यस्तै ती मोबाइल फोनमा भएका सम्बन्धित व्यक्तिका निजी डाटाहरु पनि नष्ट भएका छन्, जुन कुनै मूल्यसँग तुलना नै हुँदैन, यो अत्यन्तै गम्भीर विषय हो,' महासंघका अध्यक्ष रमेशकुमार घिमिरे र महासचिव छतेन्द्र आचार्यद्वारा हस्ताक्षरित प्रेस विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'ती मोबाइलमा भएका चिप्सहरु पानीमा डुबाउँदैमा नष्ट नहुने र त्यसलाई नेपालमा नष्ट गर्ने कुनै विधिको अभ्यास पनि नभएको हुँदा त्यसको जिम्मेवारी अब कसले लिने भन्ने गम्भीर प्रश्न खडा भएको छ। अब ती मोबाइलमा प्रयोग भएका डाटासमेत चोरी हुने जोखिम छ।' महासंघले ती मोबाइलको मूल्य १ करोड भन्दा बढी हुन आउने र त्यसले देशको अर्थतन्त्रलाई समेत घाटा बनाएको दाबी गरेको छ।

यसैगरी महासंघले प्रयोग भइसकेका मोबाइल फोनहरुको दोस्रो बिक्री (सेकेन्ड ह्यान्ड) कारोबारलाई वैध बनाउन पनि सरकारसँग माग गरेको छ। यसो गर्दा निश्चित रकम सरकारको राजश्वमा जम्मा हुने विधि अपनाउन सकिने र देशको पैसा देश भित्रै रहने वातावरण बन्ने हुँदा देशको ठूलो धनराशि जोगिने महासंघको दाबी छ। यस्तो अभ्यास विदेशका केही मुलुकमा रहेको पनि महासंघले बताउँदै आइरहेको छ। सिराहामा एसइई र कक्षा १२ को परीक्षाका क्रममा परीक्षाको मर्यादा विपरीत मोबाइल फोन लिएर परीक्षा हलभित्र प्रवेश गरेका विद्यार्थीहरूबाट सातवटा आइफोन, ४८९ वटा एन्ड्रोइड मोबाइल फोन र पाँचवटा स्मार्टवाच खोसिएको थियो। यस्तै यी सामग्री जिल्ला प्रहरी कार्यालय सिरहाले पानीमा डुबाएर नष्ट गरेको थियो।

# स्रोत नखुलेको नगदसहित दुई जना पक्राउ

काठमाडौं(जस)-प्रहरीले स्रोत नखुलेको नगदसहित दुई जनालाई पक्राउ गरेको छ। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलबाट स्रोत नखुलेको ७ लाख ९५ हजार भारतीय रूपैयाँसहित भारत आन्ध्र प्रदेश प्रकासम घर भएका ५९ वर्षीय भीम श्रीनिवासलाई शनिबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। विमानस्थल सुरक्षा कार्यालयबाट खटिएको प्रहरीले बुद्ध एयरको उडानद्वारा काठमाडौं जान लागेका उनलाई जाँच गर्ने क्रममा उनको झोलाबाट उक्त नगद फेला पारी पक्राउ गरेको हो।



गोसाईकुण्ड गाउँपालिका–६ धुन्चे बजारबाट स्रोत नखुलेको नगद १९ लाख ५२ हजार १ सयसहित सोही गाउँपालिका–३ वृद्दिम बस्ने ३६ वर्षीय मिङमार छिरिङ गुरूङलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ। अस्थायी प्रहरी पोष्ट धुन्चेबाट खटिएको प्रहरीले स्याफ्रुबेशीबाट काठमाडौंतर्फ जाँदै गरेको ना.१ ज ४८०७ नम्बरको सुमोमा सवार उनलाई उक्त नगदसहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# नेपाल जलवायु अनुकूलन र नवप्रवर्तनका लागि 'जीवित प्रयोगशाला' : बेलायती राजदूत रोब फेन

काठमाडौं(जस)-काठमाडौंमा सोमबार जलवायु नवप्रवर्तन प्रवर्द्धन (एएफसिआइए) कार्यक्रमका सम्बन्धमा सरोकारवालाबीच छलफल भएको छ। संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम (डब्लुएफपी) र कृषि, वन तथा पर्यावरण मन्त्रालयको सहकार्यमा छलफलको आयोजना भएको हो। जलवायु उत्थानशीलता र खाद्य सुरक्षा सुदृढ गर्ने उद्देश्यले छलफल कार्यक्रमको आयोजना गरिएको हो। कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले नेपालमा स्थानीय आवश्यकता अनुरूपका दिगो जलवायु अनुकूलन समाधान विस्तार गर्न आवश्यक रहेको बताए।

उनले डब्लुएफपीसँगको सहकार्यले नवप्रवर्तकलाई सशक्त बनाउँदै कृषि प्रणाली र जोखिममा रहेका समुदायको उत्थानशीलता बढाउन मद्दत पुग्ने विश्वास व्यक्त गरे। डब्लुएफपिका नेपालस्थित देशीय निर्देशक रियाज लोधीले जलवायुजन्य विपद्का चुनौतीसँग जुध्न नवप्रवर्तनको भूमिका अत्यन्त महत्वपूर्ण रहेको बताए। डब्लुएफपी नेपालका कार्यक्रम उपप्रमुख कृष्ण योगीले सौर्य ऊर्जामा आधारित सिँचाइ प्रणाली, स्वच्छ ऊर्जा प्रविधि, किसानका लागि 'डिजिटल' परामर्श सेवा, उपग्रहमा आधारित बीमा तथा जलवायु सूचना प्रणाली, साथै साना किसानका लागि बजार तथा मूल्य शृङ्खला नवप्रवर्तनलाई प्राथमिकतामा राखिएको जानकारी दिए।

नेपालका लागि बेलायती राजदूत रोब फेनले नेपाललाई जलवायु अनुकूलन र नवप्रवर्तनका लागि 'जीवित प्रयोगशाला'का रूपमा चित्रण गर्दै हिमाली क्षेत्रदेखि साना किसानसम्म स्थानीय ज्ञान र प्रविधिको संयोजनले रूपान्तरणकारी परिवर्तन सम्भव रहेको बताए। एएफसिआइए कार्यक्रमले प्राकृतिक स्रोत व्यवस्थापन, कृषि उत्पादन, वितरण र उपभोगसम्म सम्पूर्ण खाद्य प्रणालीलाई समेट्ने दृष्टिकोण अवलम्बन गरेको छ। यसले स्थानीय क्षमता अभिवृद्धि, साझेदारी प्रवर्द्धन तथा जलवायु उत्थानशील विकासका लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ।

जर्मनीस्थित डब्लुएफपी इनोभेसन एक्सेलेरेटरकी नवप्रवर्तन परामर्शदाता एसिया सुल्तानका अनुसार कार्यक्रमले प्रभावकारी र विस्तारयोग्य जलवायु अनुकूलन उपायहरूको विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ। कार्यक्रममा जलवायुमैत्री समाधानलाई राष्ट्रिय स्तरमा विस्तार गर्ने, लगानी आकर्षित गर्ने तथा परीक्षण परियोजनालाई व्यापक प्रभावमा रूपान्तरण गर्ने विषयमा छलफल भएको थियो। विश्व खाद्य कार्यक्रम विश्वकै सबैभन्दा ठूलो मानवीय सहायता संस्था हो, जसले विपद्, द्वन्द्व तथा जलवायु परिवर्तनबाट प्रभावित समुदायलाई खाद्य सहायता उपलब्ध गराउँदै दिगो विकास र समृद्धिको मार्ग निर्माणमा सहयोग गर्दै आएको छ।

# लघुवित्त पीडितको सरकारसँग ७ बुँदे माग

काठमाडौं(जस)-लघुवित्त तथा वित्तीय शोषणविरुद्ध किसान-मजदुर आन्दोलन, नेपालद्वारा ७ बुँदे माग सम्बोधन नगरे असार दोस्रो हप्ताबाट आन्दोलन गर्ने जनाएको छ। सोमबार पत्रकार सम्मेलनको आयोजना गरी अबको संघर्ष राष्ट्र बैंक विरुद्ध केन्द्रीत हुनेसमेत जनाएको छ। आन्दोलनका अध्यक्ष रमेश सेन्चुरीले लामो समयसम्म लड्दा पनि सरकारले वित्तीय पीडितका मागहरु सम्बोधन नगरेकाले आफूहरुले नयाँ आन्दोलनका कार्यक्रम गर्न लागेको बताए। आफूहरुका मागहरु सम्बोधन हुँनै लाग्दा नेपाल राष्ट्र बैंकले अवरोध गरेको बताउँदै भने, 'राष्ट्र बैंक लघुवित्त तथा वित्तीय माफियाहरुको मतियार बनेको छ, यस विषयमा सोच्ने बेला आएको छ।'

सेन्चुरीले लघुवित्त वित्तीय समस्या सम्बोधन गरी अन्यायपूर्ण ऋण मिनाहा गर्नु पर्ने, ग्रामीण अर्थतन्त्रलाई ऋण-निर्भर संरचनाबाट उत्पादन-केन्द्रीत, आत्मनिर्भर र सहकारीमा आधारित आर्थिक प्रणालीतर्फ रूपान्तरण गर्नुपर्ने लगायतका ७ बुँदे माग रहेको र सो पूरा नभए कडा संघर्ष गर्ने चेतावनी दिए। केन्द्रीय इन्चार्ज सुरेस घिमिरेले विगत ४ वर्षदेखि संघर्ष गर्दै आएको बताउँदै राज्य सत्ताले जनमुखि नीति नल्याउन्जेलसम्म समस्या समाधान नहुने बताए। उनले पीडितहरुको न्यायमा राष्ट्र बैंक मुख्य बाधक भएको र निजी बैंकिङ क्षेत्रले अत्याधिक शोषण गरेकाले तिनको राष्ट्रियकरण हुनुपर्ने माग गरे।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८३/०२/२६

यस कम्पनीको २०८३-०१-११ मा सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति **२०८३-०२-१९** को निर्णयानुसार साविक **महर्षी इन्भेस्टमेन्ट कम्पनी** को नाम परिवर्तीत भई **महर्षी कलेज** (दर्ता नम्बर : ३६११६१) कायम गरिएको तथा परिवर्तीत कम्पनीले साविक कम्पनीको नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ती तथा तिर्न व्योहोर्न पर्ने ऋण धन, कर दायित्व आदि सकार्ने व्योहोर्ने गरि गरी कम्पनीको नाम परिवर्तन गरिएको व्योहोरा यसै सूचना द्वारा जानकारी गरिन्छ।



## युएईमा रोजगारीको अवसर

**कम्पनी**: AL MASAOOD NATIONAL GENERAL CONTRACTING -DUBAI BRANCH **शहर**: Dubai

**पूर्व स्वीकृति मिति**: २०८३-०२-२५ **च.नं.**: 60256436 L.T. No : 343010

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा सुविधा | करार अबधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Carpenter | 15 | 0 | स.काममा दक्ष | 1500 | ६२,४००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2 | Mason (General) | 15 | 0 | स.काममा दक्ष | 1500 | ६२,४००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 3 | STEEL FIXER | 15 | 0 | स.काममा दक्ष | 1500 | ६२,४००/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असार २ गते (16 June 2026) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**Like International (Pvt) Ltd.**
श्रम ईजाजत नं. १५८०/०७९/०८०
Boudha-6, Kathmandu, Nepal, Tel No: 01-5922289
Mobile No: +977-9700027712, Web: www.likeinternational.com


## कालिका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

### विषय: वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८३-०२-२६)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

| S.N. | Bid IFB No. | Name of Projects | Date of Notice Publication | Quoted Amount with VAT (NRs.) | Name of Lowest Evaluated Substantially Responsive Bidder | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | 23/Works/NCB/KM/2082/083 | Gopi Lamako Ghar dekhi Udaypur Sa.Ban kathepul dekhi Rumba tol sadak, Kalika-07 | 2083-01-31 (14th May, 2026) | 57, 52, 607.16 | Rajnish Construction, Jagarnathpur-06, Parsa | |
| 2. | 28/Works/SQ/KM/2082/083 | Meena Marahatha Ghar Dekhi Atmagyan Gaurautole Kalopatrey | २०८३/०२/१३ (27th May, 2026) | 18,51,000.00 | Rajnish Construction, Jagarnathpur-06, Parsa | |

प्रमुख प्रशासकीय अधिकृत